# प्रदेश उच्च शिक्षा ऐन, २०७८

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल ।

# प्रदेश उच्च शिक्षा ऐन, २०७८

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७८।१२।१४

संवत् २०७८ सालको ऐन नं. ४

## <u>प्रदेश उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावनाः</u>** प्रदेशको मौलिक सम्भावना र चुनौतीलाई मध्यनजर गर्दै समुदायको ज्ञान, सीप र प्रविधिलाई शिक्षासँग जोड्न, शैक्षिक तथा प्राज्ञिक क्षेत्रलाई मर्यादित, गुणस्तरीय र व्यवहारिक बनाई प्रदेशको आर्थिक तथा सामाजिक विकासमा मद्दत पुर्‍याउने उद्देश्यले उच्च शिक्षाको संस्थागत विकास गर्दै वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि, राष्ट्रिय भाषा र संस्कृतिको विकास गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्न,

गुणात्मक एवम् स्तरयुक्त उच्च शिक्षाको अवसर सबै क्षेत्रका सर्वसाधारणलाई सर्वसुलभ रूपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्तिलाई सुनिश्चित तुल्याउन र प्रतिस्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै देशको शैक्षिक एवं प्राज्ञिक वातावरणलाई बढी स्वच्छ, मर्यादित र उपलब्धिमूलक तुल्याउन,

विश्वविद्यालय र उच्च शिक्षण संस्थाको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन सम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित बनाउनका लागि उच्च शिक्षा सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश उच्च शिक्षा ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आङ्गिक क्याम्पस" भन्नाले विश्वविद्यालय आफैंले स्थापना र सञ्चालन गरेको क्याम्पस सम्झनु पर्छ।

(ख) "उच्च शिक्षा" भन्नाले स्नातक तह वा सोभन्दा माथिको उपाधि पाउने तहको शिक्षा सम्झनु पर्छ।

(ग) "उच्च शिक्षण संस्था" भन्नाले विश्वविद्यालय र विश्वविद्यालय अन्तर्गत सञ्चालित उच्च शिक्षा प्रदान गर्ने क्याम्पस र अन्य शिक्षण संस्था समेतलाई जनाउँछ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश उच्च शिक्षा परिषद् सम्झनु पर्छ।

(च) "परिषद्को अध्यक्ष" भन्नाले दफा ३ को उपदफा (२) बमोजिम गठन भएको परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ज) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकार सम्झनु पर्छ।

(झ) "प्रतिष्ठान (एकाडेमी)" भन्नाले मानित सार्वजनिक विश्वविद्यालय सरहको खास विषय अध्ययन अनुसन्धानमा संलग्न उच्च शिक्षण संस्था सम्झनु पर्छ।

(ञ) “मन्त्रालय” भन्नाले बागमती प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ट) “मानित विश्वविद्यालय” भन्नाले यस ऐनको दफा ८ को उपदफा (४) बमोजिम स्थापना भएको विश्वविद्यालय सरहको उच्च शिक्षण संस्था सम्झनु पर्छ।

(ठ) “विधान (चार्टर)” भन्नाले विश्वविद्यालय स्थापना र सञ्चालन सम्बन्धमा उच्च शिक्षा परिषद्को सिफारिसमा प्रदेश सरकारबाट स्वीकृत भएको विधान सम्झनु पर्छ।

(ड) “विश्वविद्यालय” भन्नाले दफा ८ बमोजिम स्थापना भएको विश्वविद्यालय, मानित विश्वविद्यालय एवम् प्रतिष्ठान समेत सम्झनु पर्छ।

(ढ) “शिक्षक” भन्नाले उच्च शिक्षण संस्थामा अध्यापन वा अनुसन्धान गर्ने गराउने प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक वा अनुसन्धानकर्ता सम्झनु पर्छ र सो शब्दले उच्च शिक्षण संस्थाका विभिन्न तहका कार्यरत प्रशिक्षक वा यस ऐन अन्तर्गत बनेको विधान वा विनियमले शिक्षक भनी तोकेको व्यक्तिलाई समेत जनाउँछ।

(ण) “सङ्काय” भन्नाले विश्वविद्यालयको सङ्काय सम्झनु पर्छ। सो शब्दले अध्ययन संस्थान वा उच्च शैक्षिक संस्थाद्वारा सञ्चालित महाविद्यालय (स्कूल) समेतलाई जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(त) "सम्बन्धन प्राप्त क्याम्पस" भन्नाले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस सम्झनु पर्छ।

(थ) "स्वीकृति पत्र" भन्नाले विश्वविद्यालय, मानित विश्वविद्यालय एवम् प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने प्रयोजनका लागि दफा ११ बमोजिम प्रदेश सरकारले जारी गरेको स्वीकृति पत्र सम्झनु पर्छ।

## परिच्छेद- २

## उच्च शिक्षा परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

३. **प्रदेश उच्च शिक्षा परिषद्को गठनः** (१) उच्च शिक्षा सम्बन्धी प्रदेशको नीति तथा रणनीति तयार गर्ने, प्रदेशको समग्र विकासको लागि आवश्यक मानव संशाधनको आवश्यकता परिपूर्ति गर्न सहयोग पुऱ्याउने तथा उच्च शिक्षाको लक्ष्य र उच्च शिक्षण संस्थाको गुणस्तरका बिचमा सामञ्जस्यता कायम गर्ने प्रयोजनका लागि एक उच्च शिक्षा परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) मन्त्री, मन्त्रालय -उपाध्यक्ष

(ग) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ङ) सङ्घीय विश्वविद्यालय अनुदान आयोगको अध्यक्षले तोकेको प्रतिनिधि -सदस्य

(च) विश्वविद्यालयका पदाधिकारीहरू मध्येबाट परिषद्का उपाध्यक्षको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सिफारिसमा परिषद्‌को अध्यक्षबाट
मनोनीत दुई जना -सदस्य

(छ) सचिव, प्रदेश सरकारको आर्थिक
मामिला हेर्ने मन्त्रालय -सदस्य

(ज) उच्च शिक्षाका क्षेत्रमा कम्तीमा बीस वर्ष
अध्यापन वा अनुसन्धान गरेका लब्ध
प्रतिष्ठित प्राध्यापक मध्येबाट कम्तीमा
एक जना महिला सहित परिषद्‌का
उपाध्यक्षको सिफारिसमा अध्यक्षबाट
मनोनीत दुई जना -सदस्य

(झ) संरक्षक समिति (वोर्ड अफ ट्रष्टी) का
अध्यक्षमध्येबाट मन्त्रालयको
सिफारिसमा प्रदेश सरकारबाट
मनोनीत दुई जना -सदस्य

(ञ) शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान
पुऱ्याएका समाजसेवीहरू मध्येबाट
समावेशी सिद्धान्त बमोजिम
उपाध्यक्षको सिफारिसमा अध्यक्षबाट
मनोनीत कम्तीमा एक जना
महिलासहित दुई जना -सदस्य

(ट) सचिव, मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (च), (ज), (झ) र (ञ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्ष हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्‌को कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा निजको आचरण खराब भएको भनी परिषद्‌ले ठहर

आन्तरिक मामिला तथा कानून मन्त्रालय

गरेमा त्यस्तो सदस्यलाई परिषद्‌ले जुनसुकै बखत पदबाट हटाउन बाधा  हुने छैन।

तर त्यसरी पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) कुनै कारणले मनोनीत सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि जुन प्रक्रियाबाट मनोनीत सदस्यको पद रिक्त भएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई सदस्यमा मनोनयन गरिनेछ।

(६) परिषद्‌को सचिवालय मन्त्रालयमा रहनेछ र परिषद्‌को कार्यसम्पादनका लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ।

४. <u>**परिषद्‌को बैठकः**</u> (१) परिषद्‌को बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ।

(२) परिषद्‌को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्‌को बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) परिषद्‌को तत्काल कायम रहेका एकाउन्न प्रतिशत सदस्य उपस्थितिलाई गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) परिषद्‌को बैठकको अध्यक्षता परिषद्‌को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकमा विज्ञलाई आमन्त्रित गर्न सकिनेछ। तर त्यस्तो आमन्त्रित व्यक्तिले मत दिन पाउने छैन।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गर्न सक्नेछ।

(९) परिषद्को बैठकको निर्णय पुस्तिका परिषद्को अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित हुनेछ। सबै सदस्यहरूलाई बैठक सम्पन्न भएको सात दिनभित्र बैठकको निर्णयको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

५. **परिषद्को काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उच्च शिक्षा सम्बन्धी नीति तथा रणनीति तयार गर्ने र विश्वविद्यालयहरूको सञ्चालनको सामान्य नीतिगत मार्ग निर्देशन गर्ने,

(ख) उच्च शिक्षामा प्रदान गरिने आर्थिक सहायता तथा अनुदानका सम्बन्धमा आधारभूत नीति तथा योजना सिफारिस गर्ने,

(ग) प्रदेशको उच्च शिक्षण संस्थाको गुणस्तर तथा सुशासन सम्बन्धी मापदण्ड सिफारिस गर्ने,

(घ) उच्च शिक्षण संस्थाको स्तर निर्धारण गरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय

तोकिए बमोजिमको ढाँचामा वर्गीकरण गर्ने प्रयोजनका लागि सिफारिस गर्ने,

(ङ) उच्च शिक्षाको विकास र प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने, गराउने र सोको लागि आवश्यक निर्देशन दिने,

(च) मन्त्रालय र विश्वविद्यालयलाई उच्च शिक्षाको विकासको सम्बन्धमा आवश्यक निर्देशन दिने,

(छ) विश्वविद्यालय स्थापना र सञ्चालन सम्बन्धमा विधान स्वीकृतिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) परिषद्ले आफ्ना सदस्यहरूमध्येबाट विश्वविद्यालय अनुगमन समिति बनाई विश्वविद्यालयको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्न, गराउन सक्नेछ।

६. **आर्थिक विवरण माग गर्न सक्ने:** (१) परिषद्ले सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय तथा प्रतिष्ठान, उच्च शिक्षण संस्थाको आर्थिक कारोबार र मौजुदा कोषको विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण उपलब्ध गराउनु सम्बन्धित उच्च शिक्षण संस्था, सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठानको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम माग गरिएको विवरणको सम्बन्धमा परिषद्ले आवश्यकता अनुसार त्यस्तो उच्च शिक्षण संस्था, सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठानको निरीक्षण गर्न गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) उपदफा (३) बमोजिम निरीक्षण गर्ने व्यक्तिलाई सहयोग गर्नु सम्बन्धित विश्वविद्यालय र त्यस मातहतका उच्च शिक्षण संस्था तथा मानित विश्वविद्यालय र प्रतिष्ठानको कर्तव्य हुनेछ।

(५) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराउने वा उपदफा (३) र (४) बमोजिम निरीक्षण गर्न सहयोग नपुऱ्याउने विश्वविद्यालय र त्यस मातहतका उच्च शिक्षण संस्था तथा मानित विश्वविद्यालय र प्रतिष्ठानलाई मन्त्रालयले प्रदान गर्ने अनुदान र अन्य सहयोग रोक्का गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ।

## परिच्छेद- ३
## मन्त्रालयको काम, कर्तव्य र अधिकार

७. **मन्त्रालयको काम, कर्तव्य र अधिकारः** (१) समग्र उच्च शिक्षाको व्यवस्थापन, सञ्चालन तथा विश्वविद्यालयको स्थापनाका सम्बन्धमा मन्त्रालयको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशमा सञ्चालन भएका विश्वविद्यालयलाई अनुदान प्रदान गर्ने,

(ख) उच्च शिक्षण संस्थाको वित्तीय व्यवस्थापनको अनुगमन गर्ने, गराउने,

(ग) उच्च शिक्षाको गुणस्तर मूल्याङ्कन र नियमनका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने, गराउने,

(घ) परिषद्बाट स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने,

(ङ) विश्वविद्यालयको स्थापना, सञ्चालन र

आन्तरिक मामिला तथा कानून मन्त्रालय

व्यवस्थापनका सम्बन्धमा परिषद्बाट सिफारिस भएको विधान स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गर्ने,

(च) विश्वविद्यालयहरू तथा उच्च शिक्षण संस्थाका बिचमा शैक्षिक कार्यक्रम, पाठ्यक्रम तथा परस्पर सहकार्यका विषयमा समन्वय गर्ने, गराउने,

(छ) उच्च शिक्षाका लागि योग्यता मापदण्डको प्रारूप तयार गरी परिषद्बाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने,

(ज) विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा प्रदेश सरकारकोतर्फबाट आवश्यक निर्देशन दिने,

(झ) विश्वविद्यालयको भौतिक संरचना, प्राज्ञिक उन्नयन तथा गुणस्तर विकासका लागि विभिन्न क्षेत्र, पक्ष तथा सरोकारवालासँग आवश्यक समन्वय गर्ने,

(ञ) प्रदेशमा सञ्चालित विश्वविद्यालय र त्यस्ता विश्वविद्यालय मातहतमा सञ्चालित उच्च शिक्षण संस्थाहरु एवम् उच्च शिक्षाको बारेमा एकीकृत डाटाबेस तयार गर्ने,

(ट) उच्च शिक्षण संस्थाका शिक्षक तथा कर्मचारीको न्यूनतम योग्यता निर्धारण र वर्गीकरण गरी स्वीकृतिका लागि परिषद्समक्ष सिफारिस गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ठ) संरक्षक समिति (वोर्ड अफ ट्रष्टी) को सिफारिसमा विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित उच्च शिक्षण संस्थाको मापदण्ड परिषद्बाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने,

(ड) प्रदेश विश्वविद्यालय तथा कुनै क्याम्पसले सङ्घीय विश्वविद्यालय अनुदान आयोगबाट अनुदान प्राप्त गर्ने प्रयोजनका लागि आवश्यक समन्वय र सिफारिस गर्ने,

(ढ) शैक्षिक गुणस्तर एवम् स्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तथा आवश्यक संस्थागत संयन्त्र बनाउने,

(ण) प्रदेशको उच्च शिक्षा सम्बन्धी विकास तथा सिंहावलोकनको वार्षिक प्रतिवेदन परिषद्समक्ष पेश गर्ने,

(त) परिषद्को बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(थ) परिषद्ले अधिकार प्रत्यायोजन गरेका अन्य कार्य गर्ने,

(द) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने।

(२) मन्त्रालयले उच्च शिक्षाको गुणस्तर सुनिश्चितताको लागि सङ्घीय विश्वविद्यालय अनुदान आयोगसमक्ष आवश्यक समन्वयको कार्य गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) प्रदेशमा सञ्चालित सबै किसिमका विश्वविद्यालयहरूको बिचमा संयुक्त डिग्रीको कार्यक्रम सञ्चालन गर्ने, अनुसन्धानका कार्यमा संयुक्त सहभागिता प्रवर्द्धन गर्ने, प्राध्यापकहरूको आदान प्रदान गर्ने, विद्यार्थीहरूको क्रेडिट स्थानान्तरण गर्ने लगायतका कार्यका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्नेछ।

(४) मन्त्रालयले विश्वविद्यालय, मानित विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाको गुणस्तर निर्धारण तथा प्रत्ययन सम्बन्धी कार्यमा सहजीकरण गर्नेछ।

## परिच्छेद- ४

## विश्वविद्यालयको स्थापना

८. **विश्वविद्यालयको स्थापनाः** (१) प्रदेशभित्र देहाय अनुसारका विश्वविद्यालय स्थापना हुन सक्ने छन्:-

(क) प्रदेश सरकारद्वारा स्थापित हुने सार्वजनिक विश्वविद्यालय,

(ख) प्रदेश सरकारको स्वीकृति बमोजिम मुनाफा आर्जन नगर्ने सामुदायिक वा मानित विश्वविद्यालय,

(ग) यस ऐन अन्तर्गत विधानमा व्यवस्था भए बमोजिम सञ्चालन भई शैक्षिक उपाधि प्रदान गर्न सक्ने स्वायत्त प्रतिष्ठान।

(२) यस ऐन बमोजिम प्रदेशमा स्थापना हुने उच्च शिक्षण संस्था परिषद्को सिफारिसमा प्रदेश सरकारको स्वीकृतिमा मात्र स्थापना हुन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम स्थापित विश्वविद्यालयले आवश्यकता अनुसार आङ्गिक क्याम्पस तथा अनुसन्धान केन्द्र सञ्चालन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

तर उपदफा (१) को खण्ड (ग) बमोजिम स्थापित प्रतिष्ठानले अनुसन्धान केन्द्र मात्र सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घ वा प्रदेशको कुनै विश्वविद्यालय अन्तर्गत सञ्चालनमा रहेको र अनुसूची बमोजिमको मापदण्ड पूरा गरेको कुनै उच्च शिक्षण संस्थालाई प्रदेश सरकारले आफैं वा यस ऐन बमोजिम स्थापित संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) अन्तर्गत मुनाफारहित सामुदायिक वा मानित विश्वविद्यालयको रूपमा स्थापना गर्न सक्नेछ।

(५) उपदफा (१) तथा (३) बमोजिमका विश्वविद्यालय एक वा एकभन्दा बढी परिसरमा स्थापित हुन सक्नेछ।

(६) प्रदेश कानून वा प्रचलित सङ्घीय कानून बमोजिम स्वीकृति प्राप्त गरी शैक्षिक परामर्श सेवा, प्रशिक्षण वा अनुसन्धानका कार्य गर्ने गरी गठित कुनै सार्वजनिक वा सामुदायिक संस्थाले संस्थाको कार्यक्षेत्रभित्र पर्ने खास किसिमका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी उपाधि प्रदान गर्न चाहेमा तोकिए बमोजिम मन्त्रालयले स्वीकृति दिन सक्नेछ।

(७) प्रदेशभित्रको कुनै विश्वविद्यालयको आङ्गिक क्याम्पस वा सम्बन्धन प्राप्त सामुदायिक तथा मुनाफा आर्जन नगर्ने खास विषय वा क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धानमा समर्पित राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय ख्याति आर्जन गरेको उच्च शिक्षण संस्थालाई मानित विश्वविद्यालय सरहको कलेज विश्वविद्यालयको रूपमा सञ्चालन भई उपाधि प्रदान गर्न परिषद्को सिफारिसमा प्रदेश सरकारले अनुमति दिन सक्नेछ।

९. **<u>आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पस सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ८ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम स्वीकृति प्राप्त

विश्वविद्यालयले आवश्यकता अनुसार प्रदेशभित्र आङ्गिक क्याम्पस स्थापना गर्न सक्नेछ। मानित विश्वविद्यालयले अलग आङ्गिक क्याम्पस सञ्चालन गर्न पाउने छैन।

तर मानित विश्वविद्यालय तथा शैक्षिक उपाधि प्रदान गर्न सक्ने उच्च शिक्षण संस्थाले विद्यार्थीको सुविधालाई ध्यानमा राखी आवश्यकता अनुसार स्थायी वा अस्थायी केन्द्र स्थापना गरी कार्यक्रम सञ्चालन गर्न बाधा हुने छैन।

(२) यो ऐन प्रारम्भ हुनु पूर्व कुनै विश्वविद्यालयको आङ्गिक क्याम्पसका रूपमा रहेको कुनै क्याम्पसले अनुसूची बमोजिमको मापदण्ड वा पूर्वाधार पूरा गरेको देखिएमा त्यस्तो क्याम्पसलाई प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने स्वीकृति दिन सक्नेछ।

तर त्यस्तो क्याम्पस सङ्घीय कानून अन्तर्गत स्थापित विश्वविद्यालयको आङ्गिक क्याम्पस रहेछ भने प्रदेश सरकारले सम्बन्धित विश्वविद्यालय र नेपाल सरकारको सहमति प्राप्त गर्नु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै विश्वविद्यालयको सम्बन्धन लिई सञ्चालनमा रहेका सामुदायिक वा मुनाफा आर्जन नगर्ने उच्च शिक्षण संस्थाले अनुसूची बमोजिमको मापदण्ड र पूर्वाधार पूरा गरेको देखिएमा प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय, प्रतिष्ठान वा आङ्गिक क्याम्पसका रूपमा सञ्चालन गर्न स्वीकृति दिन  सक्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत संस्थागत वा निजी लगानीमा कुनै विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेका क्याम्पसले अनुसूची बमोजिमको मापदण्ड तथा पूर्वाधार पूरा गरेको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

देखिएमा संस्थागत मागको आधारमा प्रदेश सरकारले विश्वविद्यालय, मानित विश्वविद्यालय तथा प्रतिष्ठान वा आङ्गिक क्याम्पसका रूपमा विकास गरी सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ। त्यस्तो क्याम्पसको सम्पूर्ण शेयरधनी वा सदस्यको संस्थागत वा निजी लगानीमा रहेको क्याम्पसको सम्पत्ति तथा दायित्व यस ऐन बमोजिम स्थापना हुने सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय तथा प्रतिष्ठान वा आङ्गिक क्याम्पसमा स्वतः सरेको मानिनेछ।

तर सम्पत्तिभन्दा दायित्व बढी भएका त्यस्ता क्याम्पसलाई विश्वविद्यालयमा विकास गरिने छैन।

(५) उपदफा (२), (३) र (४) बमोजिम सञ्चालन हुने शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीलाई क्रेडिट (अङ्कभार) ट्रान्सफर गरी नयाँ विश्वविद्यालय वा आङ्गिक क्याम्पसको विद्यार्थीको रूपमा आबद्ध गरिनेछ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि कुनै आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसलाई मानित विश्वविद्यालयको रूपमा सञ्चालन गर्दा त्यहाँका शिक्षक तथा कर्मचारीमध्येबाट विश्वविद्यालयको व्यवस्थापकीय पदहरूमा चयन गर्न सकिनेछ।

(७) कुनै आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसलाई मानित विश्वविद्यालय वा प्रतिष्ठानको रूपमा सञ्चालन गर्दा त्यहाँका शिक्षक तथा कर्मचारीले खाइपाइ आएको तलब सुविधामा कुनै कटौती गरिने छैन।

(८) उपदफा (४) बमोजिम मानित विश्वविद्यालय वा प्रतिष्ठानका रूपमा स्थापना भई सञ्चालन भएका उच्च शिक्षण संस्थाको वित्तीय भार स्वयम् मानित विश्वविद्यालय वा प्रतिष्ठानले वहन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(९) उपदफा (४) बमोजिम विश्वविद्यालय सञ्चालन गर्दा त्यस्ता संस्थाका संस्थापक सदस्यहरूलाई संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) मा प्रारम्भिक दुई कार्यकालसम्म समावेश गरिनेछ।

१०. **<u>मापदण्ड सम्बन्धी व्यवस्था:</u>** विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको स्थापना गर्दा आवश्यक पर्ने मापदण्ड तथा पूर्वाधार अनुसूची बमोजिम हुनेछ।

११. **<u>स्वीकृति लिनु पर्ने:</u>** (१) कुनै निकाय वा संस्थाले विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापना गर्न चाहेमा तोकिएको ढाँचामा मन्त्रालय समक्ष आवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आवेदन प्राप्त भएमा मन्त्रालयले प्रस्तावित विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापना गर्न अनुसूची बमोजिमको मापदण्ड तथा पूर्वाधार भए वा नभएको सम्बन्धमा विज्ञद्वारा जाँचबुझ गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा अनुसूची बमोजिमको मापदण्ड तथा पूर्वाधार पूरा भएको देखिएमा मन्त्रालयले त्यस्तो विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापना गर्न स्वीकृति दिने सम्बन्धमा नीतिगत निर्णयका लागि परिषद्मा प्रस्ताव पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रस्ताव परिषद्ले जाँचबुझ गर्दा आवेदकलाई स्वीकृति दिन मनासिब देखिएमा परिषद्ले प्रदेश सरकारसमक्ष स्वीकृतिका लागि पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस प्राप्त भएमा प्रदेश सरकारले विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापना र सञ्चालनको स्वीकृति प्रदान गर्ने निर्णय गर्न सक्नेछ। विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको स्वीकृति पत्र मन्त्रालयबाट जारी हुनेछ।

१२. **<u>विधान सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापना गर्न आफ्नो छुट्टै विधान तर्जुमा गर्नु पर्नेछ। उक्त विधानमा देहायका कुरा स्पष्ट उल्लेख हुनु पर्नेछः-

(क) संस्थागत संरचनाको रूपरेखा,

(ख) संरक्षण समिति (बोर्ड अफ ट्रष्टी) सम्बन्धी व्यवस्था,

(ग) प्राज्ञिक परिषद् सम्बन्धी व्यवस्था,

(घ) कार्यकारी परिषद्को गठन, कार्यकाल, कार्यसम्पादन विधि,

(ङ) पदाधिकारीको व्यवस्था र निजका काम, कर्तव्य, अधिकार

(च) सञ्चित कोष र सञ्चालन विधि,

(छ) वित्तीय स्रोत सम्बन्धी व्यवस्था,

(ज) लेखापरीक्षण सम्बन्धी व्यवस्था,

(झ) गुणस्तर निर्धारण तथा प्रत्ययन सुनिश्चित निकाय सम्बन्धी व्यवस्था,

(ञ) योजना तर्जुमा पद्धति र जिम्मेवार निकाय,

(ट) पाठ्यक्रम सम्बन्धी व्यवस्था,

(ठ) विद्यार्थीको मूल्याङ्कन पद्धति र नतिजा प्रमाणीकरण सम्बन्धी व्यवस्था,

(ड) शिक्षक, कर्मचारी तथा विद्यार्थीलाई

आन्तरिक मामिला तथा कानून मन्त्रालय

उपलब्ध गराइने आधारभूत सुविधाहरूको विवरण,

(ढ) समावेशी, वातावरणमैत्री र उत्कृष्ट केन्द्रका रूपमा विकास गर्न आवश्यक पर्ने आधारभूत रणनीति,

(ण) आवश्यक ठानिएका अन्य विषयवस्तुहरू,

(त) तोकिए बमोजिम अन्य विषयहरू।

(२) उपदफा (१) बमोजिमको विधानको मस्यौदा प्राप्त हुन आएमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान स्वीकृति गर्न मनासिब देखिएमा परिषद्को सिफारिस सहित स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ। परिषद्को सिफारिसमा प्रदेश सरकारबाट स्वीकृत भई मन्त्रालयमार्फत स्वीकृति पत्र प्राप्त भए पछि लागु हुनेछ।

(३) उपदफा (१) बमोजिम स्वीकृत विधान संशोधन गर्नु परेमा संशोधनको मस्यौदा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम विधान संशोधनको मस्यौदा प्राप्त हुन आएमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न मनासिब देखिएमा परिषद्को सिफारिससहित स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त सिफारिस बमोजिम विधान संशोधन गर्न उपयुक्त देखिएमा प्रदेश सरकारले स्वीकृति दिनेछ। त्यस्तो संशोधन प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**१३. संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) गठन गर्नेः** (१) यो ऐन प्रारम्भ भए पछि प्रदेश सरकारका सबै विश्वविद्यालयहरू छुट्टा छुट्टै संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को ढाँचामा सञ्चालन हुनेछन्।

(२) दफा ८ बमोजिम स्थापना हुने विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको विकास, हित संरक्षण तथा गुणस्तर प्रवर्द्धन गर्ने एवम् सुशासन सुनिश्चित गर्ने तथा व्यवस्थापनका सम्बन्धमा नियमित सामान्य निर्देशन एवं अनुगमन गर्ने प्रयोजनका लागि विश्वविद्यालयको उच्च व्यवस्थापकीय अङ्गको रूपमा एक संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) गठनको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) मा देहाय बमोजिमका पदाधिकारीहरू रहने व्यवस्था हुनु पर्नेछः-

(क) अध्ययन, अध्यापन, अनुसन्धान तथा व्यवस्थापनको क्षेत्रमा उल्लेखनीय योगदान गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त प्रतिष्ठित व्यक्तिहरूमध्येबाट एकजना -सदस्य

(ख) उद्यमी, उद्योगपति एवम् आर्थिक तथा सामजिक क्षेत्रमा क्रियाशील व्यक्तिहरू मध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ग) उच्च शिक्षा सञ्चालन तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

व्यवस्थापनको क्षेत्रमा क्रियाशील प्रतिष्ठित व्यक्तिमध्येबाट दुई जना -सदस्य

(घ) उच्च शिक्षा सञ्चालन गर्ने संस्थाका सेवा निवृत्त प्राध्यापकहरु मध्येबाट एकजना -सदस्य

(ङ) विश्वविद्यालयका पदाधिकारीहरू मध्येबाट एक जना -सदस्य

(च) मन्त्रालयको सचिव -सदस्य

(छ) विभिन्न विश्वविद्यालयका पूर्व उपकुलपति मध्येबाट एक जना -सदस्य

(ज) प्रदेश सरकारको सार्वजनिक विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुमध्येबाट कम्तीमा एक जना छात्रा सहित दुई जना -सदस्य

(४) उपदफा (३) बमोजिमको संरक्षण समिति (बोर्ड अफ ट्रस्टी) का सदस्यहरूको बैठकबाट सहमति वा बहुमतका आधारमा उपदफा (३) को खण्ड (ङ), (च) र (ज) बाहेकका सदस्यहरूमध्येबाट एक जना सदस्यलाई अध्यक्ष चयन गर्नु पर्नेछ।

(५) अध्यक्ष पूर्णकालीन पदाधिकारीका रूपमा कार्यरत रहने छ। पदेन सदस्य बाहेक संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) का अध्यक्ष र सदस्यहरूको कार्यकाल छ वर्षको हुनेछ।

तर यो ऐन अनुसार मनोनीत भएका संरक्षण समिति (बोर्ड अफ ट्रष्टी) का पदाधिकारीहरूको पहिलो पटक पदावधि कायम गर्दा गोला प्रथाद्वारा दुई जनाको पदावधि दुई वर्ष तीन जनाको पदावधि

आन्तरिक मामिला तथा कानून मन्त्रालय

चार वर्ष र तीन जनाको पदावधि छ वर्ष कायम गरिने छ। यस ऐन बमोजिम सदस्यहरूको पदावधिको गणना संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) को पहिलो बैठक बसेको मितिबाट सम्पूर्ण सदस्यको पदावधि प्रारम्भ भएको मानिने छ। रिक्त हुन आउने सदस्यहरूको पदपूर्ति सम्बन्धी व्यवस्था विधानमा उल्लेख भए अनुसार हुनेछ।

(६) उपदफा (३) बमोजिमका पदेन सदस्य बाहेकका अन्य सदस्यहरू पहिलो पटक प्रदेश सरकारबाट मनोनीत हुनेछन्।सो संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) ले विश्वविद्यालयको विधानमा उल्लिखित संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) विश्वविद्यालयको एक स्थायी अङ्गको रूपमा रहनेछ। कार्यविधि अनुसार कार्यकाल सकिनुभन्दा अगावै सदस्यहरू चयन गरी कार्य जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ।

(७) संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) को सचिवालय, कार्यालय र वित्तीय व्यवस्थापनको जिम्मेवारी सम्बन्धित विश्वविद्यालय स्वयम्ले गर्नु पर्नेछ।

(८) संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को आफ्नै छुट्टै सचिवालय हुनेछ र सोमा विश्वविद्यालयको विधानद्वारा तोके बमोजिमका कर्मचारी कार्यरत रहने छन्। सचिवालय प्रमुखले संरक्षक समितिको कार्यालय सचिवका रूपमा समेत कार्य गर्नेछ।

(९) संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालय तथा मातहतका उच्च शिक्षण संस्थाको शैक्षिक, प्राज्ञिक, व्यवस्थापकीय तथा अन्य आवश्यक नीति तथा मापदण्डका सम्बन्धमा निर्देशन दिने तथा अनुगमन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) विश्वविद्यालयको सञ्चालन तथा विकासका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने, गराउने,

(ग) विश्वविद्यालय तथा सो अन्तर्गत सञ्चालित उच्च शिक्षण संस्था तथा तिनीहरूको स्तरीयता विकास गर्न अल्पकालीन तथा दीर्घकालीन योजना, नीति तथा रणनीति निर्माण गरी परिषद्मा पेश गर्ने,

(घ) विश्वविद्यालयको भौतिक संरचना, वित्तीय स्रोत, पाठ्यक्रमको जीवन उपयोगिता, विश्वविद्यालयबाट उत्पादित जनशक्तिको सीपमूलक योग्यता र रोजगारको सुनिश्चितता, सङ्घीय वा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको लागि सहजीकरण जस्ता कार्यहरूको सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन नीति तथा कार्यक्रम स्वीकृत गर्ने र सोको कार्यान्वयनको अनुगमन गर्ने,

(ङ) विश्वविद्यालयको लागि आवश्यक पर्ने नीति तथा नियमहरू सिफारिस गर्ने र विश्वविद्यालयको रणनीतिक कार्ययोजना स्वीकृत गर्ने,

(च) विश्वविद्यालयको व्यवस्थापन, वित्तीय अवस्था तथा कार्यक्रमहरूको त्रैमासिक प्रगति विवरण समीक्षा गर्ने र आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(छ) विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरूको परिषद्मा सिफारिस गर्ने,

(ज) शिक्षक, अनुसन्धानकर्ता र कर्मचारीको सेवाका सर्त, तलब तथा सुविधाका सम्बन्धमा नीतिगत निर्णय गर्ने,

(झ) विश्वविद्यालयको हित विपरीत काम गर्ने वा सन्तोषजनक कार्यसम्पादन गर्न नसक्ने पदाधिकारीलाई कारबाही गर्ने,

(ञ) विश्वविद्यालयका प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्बर्द्धन गर्ने र विश्वविद्यालयका प्राज्ञिक, वैज्ञानिक तथा प्राविधिक आविष्कार, खोज तथा उपलब्धिहरूको बौद्धिक सम्पत्ति अधिकार तथा डिजाइन आदिको पेटेन्ट डिजाइनका लागि प्रदेश सरकार तथा नेपाल सरकार समक्ष सहजीकरण गर्ने,

(ट) विश्वविद्यालयको कार्य सुचारु रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने र विश्वविद्यालय सञ्चालनमा कुनै संकट उत्पन्न भएमा त्यसको व्यवस्थापन गर्ने,

(ठ) विश्वविद्यालयको सम्पत्ति तथा स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक काम गर्ने,

(ड) विश्वविद्यालय अन्तर्गत सञ्चालित उच्च शिक्षण संस्थाका व्यवस्थापन समितिका योजना तथा प्रगति एवम् कार्यसम्पादनको अनुगमन गर्ने र त्यस्ता व्यवस्थापन समितिको विनियम स्वीकृत गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ढ) विश्वविद्यालयको आय तथा व्यय र लगानी तथा ऋणका बिचमा सन्तुलन कायम राख्न आवश्यक नीति निर्धारण गर्ने,

(ण) विश्वविद्यालय तथा सो अन्तर्गत सञ्चालित उच्च शिक्षण संस्थाको अक्षय कोष, छात्रवृत्ति कोष र विद्वतवृत्ति कोष खडा गर्न तथा त्यस्तो कोषको उपयोग र सञ्चालन सम्बन्धी नीति निर्धारण गर्ने सम्बन्धमा सुझाव दिने,

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) तथा सो को सचिवालयले विश्वविद्यालयका शैक्षिक, प्राज्ञिक, सिकाई शिक्षण, प्रवेश परीक्षा, परीक्षा तथा मूल्याङ्कन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत व्यवस्था गर्न निर्देशन दिन तथा अनुगमन गर्न सक्नेछ।

१४. **संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को बैठकः** (१) संरक्षक समितिको बैठक समितिबाट स्वीकृत कार्यविधिले तोकिए बमोजिम बस्नेछ। तर अध्यक्षले आवश्यकता अनुसार बैठक बोलाउन बाधा हुने छैन।

(२) संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) अध्यक्षको स्वीकृत लिई बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

कार्यसूचीसहितको सूचना कार्यालय सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

१५. **विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्वशासित संगठित संस्था हुने:** (१) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न र सो उपर सोही नामबाट नालिस उजुरी लाग्न सक्नेछ।

(५) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१६. **विश्वविद्यालयको कार्यालयः** (१) विश्वविद्यालयको केन्द्रीय कार्यालय विधानमा उल्लेख भए बमोजिम हुनेछ।

(२) विश्वविद्यालयले विधानको अधीनमा रही आफ्नो शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्नेछ सो को प्राज्ञिक स्वायत्ततामा कसैको हस्तक्षेप हुने छैन।

१७. **विश्वविद्यालयको सम्पत्तिः** (१) सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको सम्पत्ति सम्बन्धित संस्थाको स्वामित्वमा रहनेछ। विश्वविद्यालयले आफू अन्तर्गत सञ्चालित शिक्षण संस्थालाई आफ्नो सम्पत्ति आफ्नो स्वामित्वमा राख्ने स्वीकृति दिन सक्नेछ।

(२) कुनै कारणबाट सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान खारेज भएमा वा सञ्चालन हुन नसकेमा संस्थाको सम्पत्तिलाई प्रदेश सरकारले अन्य सार्वजनिक शैक्षिक संस्थालाई तोकिए बमोजिम भोगचलन गर्न दिन सक्नेछ।

## परिच्छेद- ५

## विश्वविद्यालयको संगठनात्मक संरचना र पदाधिकारी सम्बन्धी व्यवस्था

१८. **विश्वविद्यालयको संगठनः** सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको संगठनात्मक स्वरूप तिनीहरूको विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

१९. **विश्वविद्यालयका पदाधिकारी सम्बन्धी व्यवस्थाः** सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको कार्यकारी प्रमुख लगायत विभिन्न निकायमा रहने पदाधिकारी तथा तिनीहरूको काम, कर्तव्य र अधिकार विधानमा तोकिए बमोजिम हुनेछ।

२०. **<u>पदपूर्ति र पद रिक्त सम्बन्धी व्यवस्थाः</u>** सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको कुनै पदाधिकारीको पदपूर्ति र पद रिक्त सम्बन्धी व्यवस्था विधानमा उल्लेख भए बमोजिम हुनेछ।

२१. **<u>पदबाट हटाउन सकिनेः</u>** विश्वविद्यालयका पदाधिकारीले आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेमा वा पद अनुकूलको आचरण नगरेमा विधानमा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) ले निजलाई बरखास्त गर्न सक्नेछ।

२२. **<u>शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** (१) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानमा आवश्यक सङ्ख्यामा विभिन्न तहका शिक्षक वा कर्मचारी रहनेछन्। यस ऐनको दफा १९ तथा २० को अधीनमा रही सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको विधानमा व्यवस्था भए बमोजिम शिक्षक वा कर्मचारीको पदपूर्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिमका शिक्षक वा कर्मचारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका सर्तहरू विधानमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ६
## <u>विश्वविद्यालय गाभ्ने र विघटन सम्बन्धी व्यवस्था</u>

२३. **<u>विश्वविद्यालय गाभिन सक्नेः</u>** (१) यस ऐन बमोजिम स्थापना भएका कुनै विश्वविद्यालय अर्को विश्वविद्यालयमा गाभिन सक्नेछः-

(२) उपदफा (१) बमोजिम गाभिन चाहने विश्वविद्यालय र गाभ्ने विश्वविद्यालयले तोकिएका कुराहरू खुलाई संयुक्त रूपमा मन्त्रालयमार्फत् परिषद् समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा त्यस्ता विश्वविद्यालयहरू आपसमा गाभ्न मनासिब देखिएमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

मन्त्रालयले तोकिए बमोजिम परिषद् समक्ष प्रस्ताव पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रस्ताव जाँचबुझ गर्दा त्यस्ता विश्वविद्यालयलाई एक आपसमा गाभ्न मनासिब देखिएमा परिषद्ले सोही व्यहोराको सिफारिस प्रदेश सरकार समक्ष पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिम परिषद्को सिफारिसको आधारमा विश्वविद्यालयहरू गाभ्न मनासिब देखिएमा प्रदेश सरकारले त्यस्ता विश्वविद्यालयहरू एक आपसमा गाभ्न स्वीकृति दिनेछ।

(६) उपदफा (५) बमोजिमको स्वीकृति प्राप्त भएमा मन्त्रालयले विश्वविद्यालयलाई तोकिएको ढाँचामा गाभिएको स्वीकृति पत्र दिनेछ।

(७) उपदफा (५) बमोजिम विश्वविद्यालय गाभ्न स्वीकृति प्राप्त भएपछि त्यस्ता विश्वविद्यालयहरू एक आपसमा गाभिएको मानिनेछ।

(८) उपदफा (७) बमोजिम कुनै एउटा विश्वविद्यालय अर्को विश्वविद्यालयमा गाभिएमा त्यसरी गाभिएको विश्वविद्यालय र सो मातहतका सङ्काय, क्याम्पस, शिक्षक, कर्मचारी तथा विद्यार्थी गाभ्ने विश्वविद्यालयका सङ्काय, क्याम्पस, शिक्षक, कर्मचारी तथा विद्यार्थी हुनेछन्।

(९) यस दफा बमोजिम गाभिएको विश्वविद्यालयको हकभोगमा रहेको चल, अचल सम्पत्ति, ऋण तथा अन्य दायित्व समेत गाभ्ने विश्वविद्यालयमा स्वतः स्थानान्तरण भएको मानिनेछ।

२४. <u>स्वीकृति खारेज हुनेः</u> (१) स्वीकृति पत्रमा तोकिएको अवधिभित्र विश्वविद्यालय सञ्चालन हुन नसकेमा त्यस्तो विश्वविद्यालयको विधान खारेज गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विश्वविद्यालय निर्धारित समयमा सञ्चालन हुन नसकेको मनासिब कारण खुलाई त्यस्तो विश्वविद्यालयले म्याद थपको लागि मन्त्रालयमार्फत परिषद् समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब भएमा परिषद्को सिफारिसमा प्रदेश सरकारले एक वर्षको अवधि थप गर्न सक्नेछ।

२५. **<u>विश्वविद्यालय विघटन गर्न सक्नेः</u>** (१) कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसकेमा प्रदेश सरकारले त्यस्तो विश्वविद्यालय विघटन गर्न सक्नेछ।

तर विश्वविद्यालय विघटन गर्नु अघि सम्बन्धित विश्वविद्यालयलाई संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) मार्फत आफ्नो सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

(२) दफा २४ को उपदफा (१) बमोजिम विधान खारेज भएमा त्यस्तो विश्वविद्यालय स्वतः विघटन भएको मानिनेछ।

(३) उपदफा (१) बमोजिम कुनै विश्वविद्यालय विघटन भएमा सो विश्वविद्यालयको हकभोगमा रहेको चल अचल सम्पत्ति प्रदेश सरकारले कुनै शिक्षण संस्थालाई उपलब्ध गराउन वा अन्य सरकारी प्रयोजनको लागि प्रयोग गर्न, गराउन सक्नेछ।

(४) विश्वविद्यालय विघटन भएपछि सो विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र अध्ययनरत विद्यार्थी सम्बन्धमा परिषद्को सिफारिसमा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम विश्वविद्यालय खारेज गर्नु अघि प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा विश्वविद्यालयको सम्पत्ति र दायित्वको हिसाब गरी फछ्र्यौट गर्न एकजना लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(६) विश्वविद्यालय विघटन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **क्याम्पस हस्तान्तरण गर्न सक्नेः** (१) यस ऐन बमोजिम स्थापना भएको कुनै एक विश्वविद्यालय अन्तर्गत सञ्चालित आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसलाई अर्को विश्वविद्यालय अन्तर्गत सञ्चालन गर्न मनासिब भई क्याम्पस हस्तान्तरण गर्न सम्बन्धित विश्वविद्यालयहरू बिच सहमति भई परिषद् समक्ष निवेदन दिएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो क्याम्पसलाई एक विश्वविद्यालयबाट अर्को विश्वविद्यालयमा हस्तान्तरण गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

तर मानित विश्वविद्यालयमा रूपान्तरण भएको कुनै उच्च शिक्षण संस्थाका लागि यो व्यवस्था लागु हुने छैन्।

(२) उपदफा (१) बमोजिम कुनै उच्च शिक्षण संस्था अर्को विश्वविद्यालय अन्तर्गत रहने गरी हस्तान्तरण भएमा त्यस्तो संस्था, सो अन्तर्गत कार्यरत शिक्षक तथा कर्मचारी र अध्यनरत विद्यार्थी त्यस्तो संस्था ग्रहण गर्ने विश्वविद्यालयका हुनेछन् र गाभिने संस्थामा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक कार्यक्रम पूरा गराउने जिम्मा ग्रहण गर्ने विश्वविद्यालयको हुनेछ।

(३) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको क्याम्पसको हकभोगमा रहेको चल अचल सम्पत्ति, ऋण तथा अन्य दायित्व क्याम्पस हस्तान्तरण सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(४) क्याम्पस हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम अर्को विश्वविद्यालयमा गाभिदा त्यस्तो संस्था आङ्गिक शिक्षण संस्थामा रूपान्तरित हुने भएमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

साबिक संस्थागत स्वरूप स्वतः समाप्त हुनेछ। पूर्व संस्थागत स्वरूपमा सो संस्थाले व्यहोर्नु पर्ने दायित्वहरू पनि तद् उपरान्त समाप्त भएको मानिनेछ।

(६) मानित विश्वविद्यालयका रूपमा सञ्चालित एकभन्दा बढी विश्वविद्यालयहरू एक आपसमा गाभिइ नयाँ विश्वविद्यालयका रूपमा सञ्चालन हुन चाहेमा प्रदेश सरकारले दफा २३ को व्यवस्था बमोजिम प्रक्रिया वा कार्यविधि लागु गरी विश्वविद्यालय स्थापनाको स्वीकृति दिन सक्नेछ।

२७. **विद्यार्थी स्थानान्तरण हुन सक्नेः** एक विश्वविद्यालय अन्तर्गत अध्ययन गरिरहेको विद्यार्थी अर्को विश्वविद्यालयमा स्थानान्तरण हुन चाहेमा अध्ययन गरिएको विश्वविद्यालयको स्वीकृति लिई सम्बन्धित विश्वविद्यालयहरूको नियमको अधिनमा रही स्थानान्तरण गर्न तथा एक विश्वविद्यालयबाट प्राप्त अध्ययनको क्रेडिट (अङ्क भार) जोडी अर्को विश्वविद्यालयमा निरन्तरता प्रदान गर्ने व्यवस्था गर्न सकिने छ।

## परिच्छेद- ७

## विश्वविद्यालयको सम्पत्ति, कोष तथा लेखापरीक्षण

२८. **कोषः** (१) विश्वविद्यालयको एक छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) मन्त्रालयबाट प्राप्त रकम,

(ख) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, सङ्घ वा संस्थाबाट प्राप्त रकम,

(घ) शिक्षण शुल्कबाट प्राप्त रकम,

(ङ) ज्ञान र सेवाको उपयोग र हस्तान्तरणबाट प्राप्त रकम,

(च) अनुसन्धान तथा सेवा प्रदान गरी प्राप्त गरेको रकम,

(छ) सेवा प्रवाह बापतको शुल्क,

(ज) सङ्घीय अर्थ मन्त्रालयबाट स्वीकृत लिई विदेशी व्यक्ति तथा सरकारबाट प्राप्त रकम,

(झ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धी व्यवस्था विधानमा तोकिए बमोजिम हुनेछ।

२९. **<u>लेखा तथा लेखापरीक्षणः</u>** (१) विश्वविद्यालयले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले तोकेको प्रक्रिया बमोजिम राख्नु पर्नेछ।

(२) विश्वविद्यालयको बाह्य लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) विश्वविद्यालयले आङ्गिक क्याम्पसको लेखापरीक्षण संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) बाट नियुक्त सूचीकृत लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(४) विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## <u>विविध</u>

३०. **<u>सम्बन्धन प्रदान गर्न सक्नेः</u>** (१) सार्वजनिक विश्वविद्यालयले प्रादेशिक क्षेत्रभित्र तोकिएको प्रक्रिया पूरा गरी सम्बन्धन प्रदान गर्न सक्नेछ। सम्बन्धन सम्बन्धी मापदण्ड परिषद्ले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नै सङ्काय नभएको विषयमा अध्ययन वा अध्यापन गराउन विश्वविद्यालयले कुनै क्याम्पसलाई सम्बन्धन दिन सक्ने छैन।

(३) सार्वजनिक विश्वविद्यालयले सम्बन्धन प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. <u>**स्वायत्तता प्रदान गर्न सक्ने:**</u> (१) विश्वविद्यालयले आफ्नो सङ्काय वा आङ्गिक क्याम्पसलाई अनुसन्धानात्मक, संगठनात्मक, वित्तीय, प्रशासनिक वा व्यवस्थापकीय स्वायत्तता प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वायत्तता प्रदान गरिएका सङ्काय वा क्याम्पस सम्बन्धित विश्वविद्यालयको संगठनको रूपमा रहनेछ र त्यस्तो सङ्काय वा क्याम्पसले सो विश्वविद्यालयको नाम र संरक्षण प्राप्त गर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वायत्तता प्राप्त सङ्काय वा क्याम्पसले विश्वविद्यालयको स्वीकृति बिना कुनै शैक्षिक उपाधि प्रदान गर्न वा आफ्नो सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न सक्ने छैन।

३२. <u>**प्रमाणपत्र र उपाधि दिने:**</u> (१) विश्वविद्यालयले तोकिएको विषयमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी र अनुसन्धानकर्तालाई तोकिए बमोजिम उपाधि र मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(२) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो विश्वविद्यालयमा अध्ययन वा काम गर्ने प्रयोजनका लागि तोकिए बमोजिम समकक्षताको प्रमाणपत्रको आधारमा मात्र मान्यता दिन सक्नेछ।

(३) विश्वविद्यालयले स्वदेशी वा विदेशी संस्थासँगको सहकार्यमा संयुक्त अध्ययन, अध्यापन, अनुसन्धान कार्य गर्न र संयुक्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय

डिग्री प्रदान गर्ने व्यवस्था गर्न सक्नेछन्। यस्तो कार्यका लागि परिषद्को सहमति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रमाणपत्रको समकक्षता स्वतः प्राप्त भएको मानिनेछ।

(५) उच्च शिक्षाका विभिन्न शैक्षिक कार्यक्रमहरू वा कुनै विशिष्ट विषय व्यवस्थापनका सन्दर्भमा राष्ट्रिय आवश्यकता अनुसार समय समयमा मन्त्रालयको सिफारिसमा परिषद्बाट निर्देशिका जारी हुन सक्नेछ। त्यस्तो निर्देशिकाको पूर्ण पालना गर्नु सबै उच्च शिक्षण संस्थाहरूको कर्तव्य हुनेछ।

३३. **विश्वविद्यालय भर्ना हुन चाहिने योग्यता:** (१) विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थी वा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ।

(२) विदेशी विद्यार्थीलाई उच्च शिक्षण संस्थामा अध्ययन गर्न विश्वविद्यालयको भर्ना छनोट पछि अध्ययन भिषा उपलब्ध गराउनको लागि सम्बन्धित विश्वविद्यालयले मन्त्रालयको सिफारिस लिई नेपाल सरकारको सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

३४. **छात्रवृत्ति उपलब्ध गराउनु पर्ने:** (१) सरकारी, सामुदायिक तथा निजी स्वदेशी लगानीमा सञ्चालित क्याम्पस भए प्रत्येक शैक्षिक सत्रमा कम्तीमा दश प्रतिशत गरिब, जेहेन्दार, विपन्न, द्वन्द्व पीडित, दलित, महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अपाङ्ग, पिछडिएको क्षेत्र र वर्ग वा सम्प्रदायका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्नु पर्नेछ। वैदेशिक लगानीमा सञ्चालित क्याम्पस भए कुल भर्नाको बीस प्रतिशत सङ्ख्यामा सम्बन्धित विश्वविद्यालय संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) ले विद्यार्थी छनोट गरी भर्नाका लागि पठाउनेछ।

(२) प्रदेश सरकारले छात्रवृत्ति प्रदान गर्ने भएमा मन्त्रालयले तोके बमोजिमको प्रक्रिया अपनाई वितरण गरिनेछ।

(३) विश्वविद्यालयले आफ्नो विधान अन्तर्गत कार्यविधि बनाई छात्रवृत्ति सम्बन्धी छुट्टै कोषको स्थापना गरी सो मार्फत छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

३५. **विश्वविद्यालय नामको प्रयोगः** यस ऐन बमोजिम स्वीकृति पत्र पाएको संस्था बाहेक अन्य कुनै पनि संस्थाले विश्वविद्यालय नामको प्रयोग गर्न पाउने छैन।

३६. **विश्वविद्यालयको सूची प्रकाशन गर्नु पर्नेः** (१) मन्त्रालयले यस ऐन बमोजिम स्वीकृति पत्र प्राप्त विश्वविद्यालयको सूची प्रत्येक वर्ष शैक्षिक सत्र शुरू हुनु अघि तोकिए बमोजिम प्रकाशन गर्नेछ।

(२) मन्त्रालयले तोकिए बमोजिमको कार्यविधि लागु गरी विश्वविद्यालयहरूको प्रादेशिक स्तरीकरणको सूची प्रकाशित गर्नेछ।

(३) प्रदेश सरकारद्वारा मन्त्रालय मार्फत प्रदान गर्ने विश्वविद्यालय अनुदान उपदफा (२) बमोजिम निर्धारित स्तरीकरणमा समेत आधारित हुने व्यवस्था गर्न सकिनेछ।

३७. **काम कारबाही बदर नहुनेः** विश्वविद्यालयको कुनै संगठनको कुनै सदस्य वा पदाधिकारीको स्थान रिक्त रहेको वा विश्वविद्यालयका कुनै निकायको गठनमा कुनै त्रुटि भएको कारणले मात्र विश्वविद्यालयका कुनै निकायबाट भए गरेका काम कारबाही बदर हुने छैन।

३८. **प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्नेः** विश्वविद्यालयले प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा निर्णय गर्नु अघि प्रदेश सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

३९. **प्रतिवेदन पेश गर्नु पर्ने:** विश्वविद्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वर्षभरिमा उच्च शिक्षाका क्षेत्रमा भएका काम कारबाहीको वार्षिक प्रतिवेदन मन्त्रालयमार्फत परिषद् समक्ष पेश गर्नु पर्नेछ।

४०. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** परिषद्ले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार मन्त्रालय वा कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४१. **प्रदेश सरकारसँग सम्पर्क:** उच्च शिक्षाका सम्बन्धमा विश्वविद्यालयले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४२. **यसै ऐन बमोजिम हुने:** यस ऐनमा उल्लिखित जति कुरामा यसै ऐन बमोजिम हुनेछ र यसमा उल्लेख नभएको उच्च शिक्षासँग सम्बन्धित अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

४३. **नियम बनाउने अधिकार:** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

४४. **विनियम तथा कार्यविधि बनाउने अधिकार:** विश्वविद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विश्वविद्यालयको विधानको अधीनमा रही आवश्यक विनियम तथा कार्यविधि बनाउन सक्नेछ। यस्तो विनियम तथा कार्यविधि परिषद्बाट स्वीकृत भएपछि लागु हुनेछ।

४५. **बचाउ:** यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम भएका काम प्रदेश सरकारको कार्यक्षेत्र बमोजिम पर्न आएमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

# अनुसूची

(दफा ८, ९, १० र ११ सँग सम्बन्धित)

## <u>विश्वविद्यालय स्थापना गर्न चाहिने आवश्यक न्यूनतम मापदण्ड तथा पूर्वाधार</u>

**१. विश्वविद्यालय**

**<u>भौतिक पूर्वाधारः</u>**

(क) जग्गा/जमिन

(१) काठमाडौं उपत्यकाभित्र कम्तीमा दुई सय रोपनी जग्गा भएको,

(२) पहाडी तथा हिमाली जिल्लामा भए कम्तीमा पाँच सय रोपनी जग्गा भएको,

(३) तराई तथा भित्री मधेश क्षेत्रमा भए कम्तीमा पचास विगाहा जग्गा भएको,

(४) माथि उल्लिखित जग्गा/जमिन बढीमा तीन स्थानसम्म करिब बीस किलोमिटरको दूरीभित्र व्यवस्थापन गर्न सकिने।

(ख) भवन

(१) कम्तीमा शैक्षिक, प्रशासकीय, पुस्तकालय र प्रयोगशालाको अलग अलग भवनहरू हुनुपर्ने,

(२) कक्षा सञ्चालनको लागि शैक्षिक भवन कम्तीमा पचास हजार वर्ग फिट क्षेत्रफलको हुनुपर्ने वा हरेक कक्षामा कम्तीमा पचास जनासम्म विद्यार्थी अटाउने गरी विद्यार्थी सङ्ख्याको अनुपातमा कक्षा कोठाहरू हुनुपर्ने,

(३) कम्तीमा शैक्षिक, प्रशासकीय र पुस्तकालयको अलग-अलग तीनवटा भवनहरू हुनुपर्ने।

(ग) छात्रावास

(१) कम्तीमा एक तिहाई विद्यार्थीहरूलाई छात्रावास हुनुपर्ने,

(२) महिला र पुरूषको लागि छुट्टा-छुट्टै सुविधाजनक छात्रावासको व्यवस्था हुनुपर्ने,

(३) अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि अन्तर्राष्ट्रिय स्तरको एक छात्रावास हुनुपर्ने,

(४) आवासीय विश्वविद्यालयको हकमा सबै विद्यार्थीहरूको छात्रावासको व्यवस्था हुनुपर्ने।

(घ) अन्य भौतिक पूर्वाधार

(१) पठन पाठन, अनुसन्धान, प्रयोगात्मक कार्य आदिका लागि विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त फर्निचर र उपकरणहरू सहितको भौतिक व्यवस्थापन हुनुपर्ने,

(२) महिला र पुरूषका लागि अलग-अलग र पर्याप्त सङ्ख्यामा अपाङ्गमैत्री शौचालयको व्यवस्था हुनुपर्ने,

(३) विद्यार्थी सङ्ख्याको अनुपातमा स्तरीय चमेनागृहको व्यवस्था हुनुपर्ने,

(४) स्वास्थ्य केन्द्र, पिउने पानी, इन्टरनेट, खेल मैदान, बगैंचा आदिको व्यवस्था हुनुपर्ने।

**<u>शैक्षिक आधारहरू:</u>**

(क) पुस्तकालय

(१) विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त सङ्ख्यामा आवश्यक स्तरीय पुस्तकहरू सहितको सुविधा सम्पन्न पुस्तकालयको व्यवस्थापनको साथै सबै पाठकहरू बिच सूचना प्रविधिको पहुँच पुग्न सक्ने गरी आवश्यक व्यवस्था हुनुपर्ने,

(२) विद्युतीय पुस्तकालय (ई-लाइब्रेरी) को व्यवस्था हुनुपर्ने,

(३) आवश्यक व्यवस्थापकीय सुविधा सहितको अध्ययन कक्षको व्यवस्था हुनुपर्ने।

(ख) प्रयोगशाला

(१) प्राविधिक विषयसँग सम्बन्धित विश्वविद्यालयको हकमा सम्बन्धित व्यावसायिक परिषद्ले तोके बमोजिम विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त उपकरण, औजार तथा रसायनहरू सहितको सुविधायुक्त प्रयोगशाला भएको हुनुपर्ने।

(ग) शिक्षक/प्राध्यापक

अन्तरिक्ष कानून तथा मन्त्रालय

(१) अध्यापन र अनुसन्धान गर्नका लागि आवश्यक सङ्ख्यामा तोकिएको योग्यता पुगेका शिक्षक/प्राध्यापकहरूको व्यवस्था हुनुपर्ने,

(२) सबै शिक्षकहरू पूर्णकालीन हुनुपर्ने,

(३) जम्मा शिक्षक सङ्ख्यामध्ये कम्तीमा एक तिहाई विद्यावारिधि उपाधि प्राप्त गरेको हुनुपर्ने,

(४) जम्मा शिक्षक सङ्ख्या मध्ये कम्तीमा दश प्रतिशत शिक्षक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकर्मी समीक्षा जर्नल (पियर रिभ्यूड) मा लेखहरू प्रकाशन गरेको हुनुपर्ने।

(घ) कर्मचारी

(१) आवश्यक सङ्ख्यामा निर्धारित क्षमता, दक्षता र प्रतिवद्धता सहितका कर्मचारीको व्यवस्था हुनुपर्ने।

(ङ) विद्यार्थी

(१) साधारण तथा प्राविधिक विषयमा पठन पाठन तथा अनुसन्धान गर्ने गराउने विश्वविद्यालय भएमा कम्तीमा पाँच हजार विद्यार्थी हुनुपर्ने,

(२) प्राविधिक विषयका हकमा सम्बन्धित अधिकार प्राप्त निकायले निर्धारण गरेको सङ्ख्या अनुसार हुनुपर्ने।

तर प्रदेश सरकारले स्थापना गर्ने विश्वविद्यालयहरूको लागि यो विद्यार्थी सङ्ख्या अनिवार्य आधार हुने छैन।

(च) कोष

(१) सघन विश्वविद्यालय भएमा विश्वविद्यालयको नाममा कम्तीमा पचास करोड रूपैयाँको अक्षय कोष स्थापना भएको हुनुपर्ने,

(२) विशिष्टिकृत विश्वविद्यालय भएमा कम्तीमा बीस करोड रूपैंयाको अक्षय कोष (विषयगत) स्थापना भएको हुनुपर्ने,

(३) काठमाडौं उपत्यकाभित्र स्थापना हुने विश्वविद्यालय भएमा उपरोक्त रकमहरूमा थप दश प्रतिशत रकम सहितको अक्षय कोषको व्यवस्था गर्नुपर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) विश्वविद्यालयमा दश करोड रूपैंयाको बेग्लै खर्च हुने कोषको स्थापना गरी उक्त कोषमा जम्मा हुने रकमको सम्भावित स्रोतहरू पहिचान भएको हुनुपर्ने।

**अन्य आधारहरू:**

(क) अन्य आवश्यक मापदण्ड र पूर्वाधार

(१) वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(२) सामाजिक प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(३) सम्भाव्यता अध्ययनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(४) विश्वविद्यालयमा आन्तरिक गुणस्तर सुनिश्चितता केन्द्रको स्थापना भएको हुनुपर्ने,

(५) चिकित्सा तथा इन्जिनियरिङ जस्ता विशेष पूर्वाधारहरू आवश्यक पर्ने उच्च शिक्षा विश्वविद्यालयका लागि सम्बन्धित नियमनकारी निकायको परामर्शमा थप पूर्वाधारहरू तोक्न सकिने।

**२. मानित विश्वविद्यालय**

**भौतिक पूर्वाधार**

(क) जग्गा/जमिन

(१) काठमाडौं उपत्यकाभित्र सञ्चालित मानविकी, कानून, व्यवस्थापन लगायतका गैर प्राविधिक विषयका मानित विश्वविद्यालयका लागि कम्तीमा बीस रोपनी जग्गा/जमिन हुनुपर्ने,

(२) प्राविधिक विषयका मानित विश्वविद्यालय वा प्रतिष्ठानका लागि काठमाडौं उपत्यकाभित्र आवश्यकता अनुसार न्युनतम बीस रोपनी जमिन हुनु पर्ने,

(३) काठमाडौं उपत्यका बाहिर समेत केन्द्र सञ्चालन गरी सञ्चालनमा रहेका मानविकी, कानून तथा व्यवस्थापन जस्ता विषयका मानित विश्वविद्यालयको हकमा पचास किलोमिटरको परिधिभित्र काठमाडौंभित्र र बाहिर गरी कम्तीमा तीस रोपनी जग्गा हुनुपर्ने,

(४) प्राविधिक विषयका मानित विश्वविद्यालयका लागि काठमाडौं उपत्यका बाहिर समेत केन्द्र राखी सञ्चालन भएको अवस्थामा न्यूनतम पचास रोपनी जमिन हुनुपर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(५) तराई तथा भित्री मधेश क्षेत्रमा भए कम्तीमा पाँच बिगाहा जग्गा भएको हुनुपर्ने,

(६) उल्लिखित जमिन बढीमा दुई स्थानसम्म करिब पचास किलोमिटरको दुरीमा व्यवस्थापन गर्न सकिने अवस्थामा हुनुपर्ने,

(७) स्थानीय तहले दिएको जमिनलाई यस प्रयोजनका लागि मान्यता हुनेछ।

(ख) भवन

(१) कम्तीमा शैक्षिक, प्रशासकीय र पुस्तकालयको अलग-अलग तीनवटा भवनहरू हुनुपर्ने,

(२) कक्षा सञ्चालनको लागि शैक्षिक भवन कम्तीमा पच्चीस हजार वर्ग फिट क्षेत्रफलको हुनुपर्ने वा हरेक कक्षमा कम्तीमा पचास जनासम्म विद्यार्थी अटाउने कक्षा कोठाहरू हुनुपर्ने।

(ग) छात्रावास

(१) कम्तीमा एक तिहाई विद्यार्थीहरूलाई छात्रावास हुनुपर्ने,

(२) महिला र पुरूषको लागि छुट्टा-छुट्टै सुविधाजनक छात्रावासको व्यवस्था हुनुपर्ने।

(घ) अन्य भौतिक पूर्वाधार

(१) पठन पाठन, अनुसन्धान, प्रयोगात्मक कार्य आदिका लागि विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त फर्निचर र उपकरणहरू सहितको भौतिक व्यवस्थापन भएको हुनुपर्ने,

(२) महिला र पुरूषका लागि अलग-अलग र पर्याप्त सङ्ख्यामा अपाङ्गमैत्री शौचालय भएको हुनुपर्ने,

(३) स्वास्थ्य केन्द्र, पिउने पानी, इन्टरनेट, खेल मैदान, बगैंचा आदिको व्यवस्था हुनुपर्ने।

**<u>शैक्षिक आधारहरू</u>**

(क) पुस्तकालय

(१) विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त सङ्ख्यामा आवश्यक स्तरीय पुस्तकहरू सहितको सुविधा सम्पन्न पुस्तकालयको व्यवस्थापनको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

साथै सबै पाठकहरू बिच सूचना प्रविधिको पहुँच पुग्न सक्ने गरी आवश्यक व्यवस्था हुनुपर्ने,

(२) विद्युतीय पुस्तकालय (ई-लाइब्रेरी) को व्यवस्था हुनुपर्ने,

(३) आवश्यक व्यवस्थापकीय सुविधा सहितको अध्ययन कक्षको व्यवस्था हुनुपर्ने।

(ख) प्रयोगशाला

(१) प्राविधिक विषयसँग सम्बन्धित विश्वविद्यालयको हकमा सम्बन्धित व्यावसायिक परिषद्‌ले तोके बमोजिम विद्यार्थी सङ्‌ख्याको अनुपातमा पर्याप्त उपकरण, औजार तथा रसायनहरू सहितको सुविधायुक्त प्रयोगशालाको व्यवस्था हुनुपर्ने।

(ग) शिक्षक/प्राध्यापक

(१) अध्यापन र अनुसन्धान गर्नका लागि आवश्यक सङ्‌ख्यामा तोकिएको योग्यता पुगेका शिक्षक/प्राध्यापकहरू हुनुपर्ने,

(२) सबै शिक्षकहरू पूर्णकालीन हुनुपर्ने,

(३) जम्मा शिक्षक सङ्‌ख्यामध्ये कम्तीमा एक तिहाई विद्यावारिधि उपाधि प्राप्त गरेको हुनुपर्ने,

(४) जम्मा शिक्षक सङ्‌ख्यामध्ये कम्तीमा दश प्रतिशत शिक्षक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकर्मी समीक्षा जर्नल (पियर रिभ्यूड) मा लेखहरू प्रकाशन गरेको हुनुपर्ने।

(घ) कर्मचारी

(१) आवश्यक सङ्‌ख्यामा निर्धारित दक्षता र प्रतिवद्धता सहितका कर्मचारी हुनुपर्ने।

(ङ) विद्यार्थी

(१) साधारण तथा प्राविधिक विषयमा पठन पाठन तथा अनुसन्धान गर्ने गराउने विश्वविद्यालय भएमा कम्तीमा पाँच हजार विद्यार्थी हुनुपर्ने,

(२) सञ्चालनमा रहिरहेको कुनै क्याम्पसको स्तरोन्नति गरी विश्वविद्यालयमा रूपान्तरण गर्न लागिएको भएमा उक्त क्याम्पसमा कम्तीमा दुई हजार विद्यार्थीहरू अध्ययनरत भएको, स्नातकोत्तर

तहमा कम्तीमा पाँच व्याच विद्यार्थी दीक्षित भएको र गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने,

(३) प्राविधिक विषयका हकमा सम्बन्धित अधिकार प्राप्त निकायले निर्धारण गरेको सङ्ख्या अनुसारको विद्यार्थी हुनुपर्ने,

तर प्रदेश सरकारले स्थापना गर्ने विश्वविद्यालयहरूको लागि यो विद्यार्थी सङ्ख्या अनिवार्य आधार हुने छैन।

(च) कोष

(१) सघन विश्वविद्यालय भएमा विश्वविद्यालयको नाममा कम्तीमा पच्चीस करोड रूपैंयाको अक्षय कोष वा खर्च नहुने कोष स्थापना हुनुपर्ने,

(२) विशिष्टिकृत विश्वविद्यालय भएमा कम्तीमा दश करोड रूपैंयाको अक्षय कोष (विषयगत) खर्च नहुने कोष स्थापना हुनुपर्ने,

(३) काठमाडौं उपत्यकाभित्र स्थापना हुने विश्वविद्यालय भएमा उपरोक्त रकमहरूमा थप दश प्रतिशत रकम सहितको कोषको व्यवस्था गर्नुपर्ने,

(४) विश्वविद्यालयमा पाँच करोड रूपैंयाको बेग्लै खर्च हुने कोषको स्थापना गरी उक्त कोषमा जम्मा हुने रकमको सम्भावित स्रोतहरू पहिचान भएको हुनुपर्ने,

(५) उपरोक्त बमोजिमका कोषहरू मानित विश्वविद्यालय स्थापना भएको पाँच वर्षभित्र स्थापना गरी सक्नुपर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**<u>अन्य आधारहरू</u>**

(क) अन्य आवश्यक मापदण्ड र पूर्वाधार

(१) वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(२) सामाजिक प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(३) सम्भाव्यता अध्ययनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(४) विश्वविद्यालयमा आन्तरिक गुणस्तर सुनिश्चितता केन्द्रको स्थापना भएको हुनुपर्ने,

(५) चिकित्सा तथा इन्जिनियरिङ जस्ता विशेष पूर्वाधारहरू आवश्यक पर्ने उच्च शिक्षाका विश्वविद्यालयका लागि सम्बन्धित नियमनकारी निकायको परामर्शमा थप पूर्वाधारहरू तोक्न सकिने,

(६) उपरोक्त बमोजिमका मूल्याङ्कनको कार्य एक वर्षभित्र सम्पन्न गरी सोको प्रतिवेदनको सिफारिसको आधारमा प्रदेश सरकारले मानित विश्वविद्यालयको मान्यता दिन सक्नेछ।

**३. मानित विश्वविद्यालय एक्लै वा दुई वा दुईभन्दा बढी विश्वविद्यालयहरू गाभिई नयाँ विश्वविद्यालयमा स्थानान्तरण भएमा हुनुपर्ने मापदण्डः-**

(१) काठमाडौं उपत्यकाभित्र कम्तीमा दुई सय रोपनी जग्गा हुनुपर्ने,

(२) पहाडी जिल्लामा भए कम्तीमा पाँच सय रोपनी जमिन हुनुपर्ने,

(३) तराई र भित्री मधेशमा भए कम्तीमा पचास विगाहा जमिन हुनुपर्ने,

(४) अन्य मापदण्ड नयाँ विश्वविद्यालयलाई तोकिए सरहको हुनुपर्ने।